**<u>नेपाल इन्जिनियर्स डे- २०११ भव्यताका साथ सम्पन्न</u>**

नेपाल इन्जिनियर्स एसोसिएसनको बिधान अन्तर्गत रहि जापानमा अध्ययनरत वा कार्यरत नेपाली ईन्जिनियरहरुका बिचमा पेशागतहित र समुन्नतिका लागि आपसि सहयोग र सुसम्बन्ध अभिबृदि गरी नेपालको विकासको काममा नेपाली इन्जिनियर समुदायको भुमिका प्रभावशाली बनाउनका लागि २००३ सालमा स्थापना भएको संस्था नेपाल इन्जिनियर्स एसोसिएसन जापान सेन्टरले आफ्नो नियमित कार्यक्रम अन्तर्गत नेपाल इन्जिनियर्स एसोसिएसनको ४९ औ जयन्ति "*नेपाल इन्जिनियर्स डे-२०११*" जुलाई १७, २०११, आइतवार जापानको टोकियो ( इन्चिच्युत अफ ईन्डस्त्रियल साइन्स, द युनिभर्सिटि अफ टोकियो (Institute of Industrial Sciences (IIS), The University of Tokyo) ) र क्योटो (क्योटो युनिभर्सिटि, योशिदा क्याम्पस ) मा एक दिने कार्यशाल गोष्ठी गरी सम्पन्न भएको छ | यस कार्यक्रममा “नेपालको बिकाशका लागि जापानी प्रबिधिको अध्ययन अनुभव र उपयोग” ( “Utilization of Lessons Learnt from the Study of Japanese Technologies for the Development of Nepal” ) शिर्षकमा आधारित बिभिन्न कार्यपत्रहरु प्रस्तुत गरिएको थियो |




द युनिभर्सिटि अफ टोकियोमा आयोजना गरिएको कार्यक्रम उध्घाटन समारोह र प्राबिधिक सेसन गरी दुई सेसनमा बिभाजन गरिएको थियो | उध्घाटन समारोहमा नेपाल इन्जिनियर्स एसोसियसन जापान सेन्टरका अध्यक्ष डा. विष्णु प्रसाद पाण्डेले स्वागत मन्तब्य दिनु भएको थियो भने, समापन नेपाल इन्जिनियर्स एसोसियसन जापान सेन्टरका उपाध्यक्ष ई. महेश्वर श्रेष्ठले गर्नुभएको थियो | यस कार्यक्रमका प्रमुख अतिथि

उपनियोग प्रमुख डा.  दुर्गा बहादुर सुबेदी ज्युले नेपालको बिकासमा इन्जिनियरको भुमिका बारेमा मन्तव्य दिनुभएको थियो । यसैगरि विभिन्न संघ संस्थाका प्रतिनिधिहरु डा.राजेन्द्र प्रसाद पराजुली (एन.आर.एन.जापान), जिवकराज बज्राचार्य (नेसाज) द्वारा कार्यक्रमको सफलताको कामना व्यक्त गर्नुभएको थियो। साथै नेपाल इन्जिनियर्स डे -टोक्योका कोअर्डिनेटर तथा नेपाल इन्जिनियर्स एसोसियसन जापान सेन्टरका सदस्य ई.  सफल सुबेदीबाट कार्यक्रम सफलता पुर्वक संचालन गर्न सहयोग गर्नुहुने तथा सहभागी साथीहरुमा धन्यवाद ज्ञापन गर्नुभएको थियो।




उक्त कार्यक्रममा निम्न लिखित ७ वटा कार्यपत्रहरु प्रस्तुत गरिएको थियो । युनिभर्सिटि अफ यामानासीका प्रो. फुतावा काजामा, एनसेटका निर्देशक रमेश गुरागाई, रिचुमेइकान युनिभर्सिटिमका रिशर्चर डा. हरिराम पराजुली, ईहिमे युनिभर्सिटिका सह-प्राध्यापक डा.  नेत्रप्रकाश भण्डारी, साईतामा युनिभर्सिटिका ई. रामामोहन पोख्रेल र ई.  महेन्द्र बहादुर बानिया तथा द युनिभर्सिटि अफ टोक्योका ई. तिलक पोख्रेलले आ-आफ्नो कार्यपत्रहरु रोचक तरिकाले प्रस्तुत गर्नुभएको थियो । नेपाल इन्जिनियर्स एसोसियसन जापान सेन्टरका कोषाध्यक्ष ई.  प्रिजा कायस्थद्वारा संचालन गरिएको उक्त कार्यक्रमको व्यवस्थापन ई.  केशव शर्माले गर्नुभएको थियो ।




त्यसैगरी, क्योटो युनिभर्सिटिमा आयोजना गरिएको कार्यक्रममा भने चारवटा कार्यपत्रहरु प्रस्तुत भएको थियो | दुई सेसनमा बिभाजन उक्त कार्यक्रमको पहिलो सेसनको चेयर क्योटो युनिभर्सिटिका रिसचर डा. बद्रि भक्त श्रेष्ठले गर्नु भएको थियो भने दोस्रो सेसन चाहि क्योटो युनिभर्सिटिकै सह-प्रध्यापक डा. सुरेन्द्र ताम्राकारले गर्नु भएको थियो | क्योटो युनिभर्सिटिका लता शाक्य, गिरि प्रसाद जोशी, डा. बद्रि भक्त श्रेष्ठ र नागोया इन्स्टिच्युट अफ टेक्नोलोजीका ईश्वर खत्रीले आ-आफ्नो कार्यपत्र रोचक तरिकाले प्रस्तुत गर्नु भएको थियो | कार्यक्रमको स्वागत मन्तब्य नेपाल इन्जिनियर्स डे - क्योटोका कोडिनेटर तथा नेपाल इन्जिनियर्स एसोसियसन जापान सेन्टरका सदस्य ई. क्षितिज चरण श्रेष्ठले दिनु भएको थियो भने समापन सचिब डा. मधुसुदन कायस्थले गर्नुभएको थियो |

विभिन्न क्षेत्रका नेपाली तथा जापानिज प्रोफेसर, अनुसन्धानकर्ता, विध्यार्थी, र अन्य साथीहरुको उल्लेखनिय उपस्थिति रहेको थियो |

गोष्ठिबारे बिस्तृत जानकारीका लागि कृपया नेपाल इन्जिनियर्स एसोसिएसन जापान सेन्टरको होमपेज http://neajc.org मा जानुहोस |

**डा. मधुसुदन कायस्थ**
**Secretariat**
**6th Executive Committee**
**Nepal Engineers' Association – Japan Center**
**www.neajc.org**